नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् समन्वय शाखा)

पत्र संख्या : वा.त.वि.स.शा./०८२/०८३
चलानी नं. : १

इमेलः cdms.mofaga@gmail.com
सिंहदरबार, काठमाडौं।

विक्रम संवत्: २०८२/०४/०१, बिहीबार
नेपाल संवत्: ११४५ दिल्लागा सप्तमी

विषयः वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद्को निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री महानगरपलिका/उपमहानगरपालिका/नगरपालिका (सबै)।,
श्री गाँउपालिका (सबै)।

वन तथा वातावरण मन्त्रालयको च.नं. ३८०, मिति २०८२/०३/३१ को निर्णय कार्यान्वय सम्बन्धमा विषयक पत्रमार्फत वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद्को मिति २०८१/०७/०९ मा बसेको तेस्रो बैठकको बुदाँ नं. ५ को "जलवायु परिवर्तन अनुकुलन तथा न्यूनीकरण सम्बन्धी राष्ट्रिय लक्ष्य र कार्यक्रमलाई आ-आफ्नो आवधिक एवम् वार्षिक नीति तथा योजनामा समावेश गर्न स्थानीय तहलाई अनुरोध गर्ने" निर्णय कार्यान्वयनका लागि पत्राचार भएबमोजिम उक्त निर्णय कार्यान्वयका लागि उल्लिखित पत्र तथा संलग्न कागजातको छाँयाप्रति यसैसाथ संलग्न गरी आवश्यक कार्यार्थ तहाँ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

२०८२/०४/०१
(मनोज अधिकारी)
शाखा अधिकृत

बोधार्थः
श्री वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री सूचना प्रविधि शाखा, सं. मा. तथा सा. प्र. मन्त्रालय, (वेवसाइटमा अपलोड गरी स्थानीय तहमा पत्राचार गरिदिनहुन)।

नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय
पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाडौं

पत्र संख्या :- ०८१।८२
चलानी नं. :- ३६०

मिति:- २०८२।०३।३१
नेपाल सम्वत् ११४५, दिल्लागा, पञ्चमी

विषय: निर्णय कार्यान्वयन सम्बन्धमा ।

संङ्घीय मामिला तथा ...
दर्ता नं.:- 4606
दर्ता मिति:- 3/32

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

प्रस्तुत सम्बन्धमा वातावरण संरक्षण ऐन, २०७६ को दफा ३२ को उपदफा (२) को खण्ड (क) बमोजिमको वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद्को मिति २०८१।०७।०९ मा सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यूको अध्यक्षतामा बसेको तेश्रो बैठकको निर्णय अनुसार **"निर्णय बुँदा नं. ५"** मा जलवायु परिवर्तन अनुकूलन तथा न्युनीकरण सम्बन्धी राष्ट्रिय लक्ष्य र कार्यक्रमलाई आ-आफ्नो आवधिक एवम् वार्षिक नीति तथा योजनामा समावेश गर्न प्रदेश सरकार र स्थानीय तहलाई अनुरोध गर्ने निर्णय भएको हुँदा सो निर्णय कार्यान्वयनका लागि सबै स्थानीय तहहरुलाई पत्राचार गरिदिनुहुन उक्त निर्णयको प्रतिलिपि यसैसाथ राखि पठाइएको व्यहोरा अनुरोध छ ।

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव
एंव परिषद् सदस्य सचिव

योजना तथा विकास सहायता समन्वय महाशाखा
दर्ता नं.: 3062
मिति: २०८२।३।३२

वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद्,

तेश्रो बैठक

२०८१/०७/०९

<u>निर्णयहरु</u>

१. गत एक वर्षमा भएको प्रगतीको समिक्षा गरी आगामी वर्षहरुमा जलवायु परिवर्तन सम्बन्धी कार्यक्रमहरुलाई प्राथमिकतामा राखी प्रभावकारी कार्यन्वयन गर्न वन तथा वातावरण मन्त्रालय, विषयगत मन्त्रालय एवं निकायहरुलाई निर्देशन दिने ।

२. जलवायु परिवर्तन कार्यदलले तयार गरेको प्रतिवेदनको अध्ययन कार्यान्वयनको लागी वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

३. अजरबैजानको बाकुमा आयोजना हुने विश्व जलवायु सम्मेलन २०२४ (कोप २९) मा नेपालको प्रभावकारी सहभागिताका लागि आवश्यक तयारी गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

४. वन तथा वातावरण मन्त्रालयको नाम परिमार्जन गरी वन, वातावरण तथा जलवायु परिवर्तन नामाकरण गर्ने प्रक्रिया अगाडी बढाउन वन तथा वातावरण मन्त्रालयलाइ निर्देशन दिने । साथै वातावरण संरक्षण ऐन २०७६ को मौजुदा नामलाइ परिमार्जन गरी वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन ऐन राख्ने गरी ऐन संसोधनको प्रक्रिया अगाडि बढाउन वन तथा वातावरण मन्त्रालयलाइ निर्देशन दिने ।

५. जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण सम्बन्धी राष्ट्रिय लक्ष्य र कार्यक्रमलाई आ-आफनो आवधिक एवम् वार्षिक नीति तथा योजनामा समावेश गर्न प्रदेश सरकार र स्थानीय तहलाई अनुरोध गर्ने । जलवायु परिवर्तन सम्बन्धी वैदेशिक श्रोतका आयोजनाको तर्जुमा र कार्यन्वयनमा प्रदेश सरकार र स्थानीय तहको भूमिका रहने गरी समन्वय एवं सहजीकरण गर्न अर्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र राष्ट्रिय योजना आयोगलाइ लाई निर्देशन दिने ।

६. प्रदेश स्तरमा समेत वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन प्रदेश परिषद गठन गरी कार्य संचालन गर्न प्रदेश सरकारहरुलाइ अनुरोध गर्ने ।

७. जलवायु परिवर्तनबाट सगरमाथा देखी समुद्रसम्म परेको प्रभावको एकिकृत र समष्टिगत व्यवस्थापन पद्दति (Mountain to Marine: An Approach to Climate Change Management) विषयमा विश्व समुदायको ध्यानाकर्षण गर्ने उद्देश्यले सम्बद्ध निकायहरुको समन्वयमा वन तथा वातावरण मन्त्रालयलाइ सगरमाथा सम्बाद कार्यक्रमको आयोजना गर्न निर्देशन दिने ।

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

[redacted]